# **फैसला कार्यान्वयन निर्देशिका, २०७५**

मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १९७ ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले देहायबमोजिमको निर्देशिका बनाई लागू गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "फैसला कार्यान्वयन निर्देशिका, २०७५" रहेको छ।

(२) यो निर्देशिका संवत् २०७५ भदौ १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "अपराध संहिता" भन्नाले मुलुकी अपराध (संहिता) ऐन, २०७४ सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ सम्झनु पर्छ।

(ग) "अदालत" भन्नाले सम्बन्धित अदालत सम्झनु पर्छ।

(घ) "तहसिलदार" भन्नाले जिल्ला अदालतको तहसिलदार सम्झनु पर्छ र सो शव्दले फैसला कार्यान्वयन अधिकारीसमेतलाई जनाउँछ ।

(ङ) "नियमावली" भन्नाले मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ सम्झनु पर्छ।

(च) "निर्देशनालय" भन्नाले फैसला कार्यान्वयन निर्देशनालय सम्झनु पर्छ ।

(छ) "लगत" भन्नाले फैसलाबमोजिम असुल गर्नु पर्ने कैद वा जरीवाना तथा भराई दिनु पर्ने बिगो वा क्षतिपूर्ति वा अन्य रकमको लगत सम्झनु पर्छ ।

## परिच्छेद- २

## फैसला कार्यान्वयन गर्ने निकाय

३. **फैसला कार्यान्वयन गर्ने निकायः** (१) मुद्दाको फैसला जुनसुकै तहको अदालतबाट भएको भए पनि त्यस्तो मुद्दामा भएको फैसलाको कार्यान्वयन जिल्ला अदालतले गर्नेछ ।

(२) विशेष अदालत, उच्च अदालत वा सर्वोच्च अदालतले शुरू कारबाही र किनारा गरेको मुद्दाको फैसला कार्यान्वयन समेत सम्बन्धित जिल्ला अदालतले गर्नेछ।

(३) जिल्ला अदालत, विशेष अदालत, उच्च अदालत र सर्वोच्च अदालतबाहेक अन्य न्यायिक निकायबाट भएको फैसलाको कार्यान्वयन सम्बन्धित न्यायिक निकायबाटै हुनेछ ।

(४) फैसला कार्यान्वयन गर्ने सम्बन्धमा कानूनमा अन्यथा व्यवस्था नभएमा सम्बन्धित जिल्ला अदालतले फैसला कार्यान्वयन गर्नेछ ।

४. **सम्बन्धित अदालतमार्फत फैसला कार्यान्वयन हुनेः** (१) फैसलाको कार्यान्वयन अभियोगपत्र वा उजुरी दायर भएको जिल्ला अदालतबाट हुनेछ।

(२) ऐनको दफा ५१ बमोजिम सुनुवाई गर्दा अर्को अदालतको अधिकार क्षेत्रभित्र पर्ने देखिई मुद्दा पठाइएकोमा त्यस्तो मुद्दाको फैसला कार्यान्वयन फैसला गर्ने जिल्ला अदालतबाट हुनेछ।

(३) ऐनको दफा ९६ तथा १७६ बमोजिम मुद्दा स्थानान्तरण भएको मुद्दाको फैसला कार्यान्वयन त्यस्तो मुद्दा हेर्ने अधिकार क्षेत्र भएको जिल्ला अदालतबाट हुनेछ।

## परिच्छेद- ३

## लगत राख्नेसम्बन्धी

५. **लगत तयार गर्नु पर्ने**: (१) मुद्दाको फैसला भए पछि सोको कार्यान्वयनको लागि ऐनको दफा १५१ बमोजिम जिल्ला अदालतले फैसला तयार भएको मितिले तीन दिनभित्र त्यस्तो फैसलाबमोजिम व्यक्तिलाई लागेको दण्ड, जरिवाना वा ठहरेको बिगो वा क्षतिपूर्तिको लगत राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लगत राखिएकोमा पुनरावेदन सुन्ने अदालतबाट फैसला हुँदा तल्लो अदालतको फैसला उल्टी भई वा बदर भई त्यस्तो लगत संशोधन हुने अवस्था भएमा जिल्ला अदालतले त्यस्तो फैसलाबमोजिम लगत संशोधन गरी अद्यावधिक गर्नु पर्नेछ ।

(३) पुनरावदेन सुन्ने अदालतबाट फैसला हुँदा तल्लो अदालतको फैसला उल्टी वा बदर भई कुनै व्यक्तिलाई दण्ड, जरिवाना भएमा वा निजले बिगो वा क्षतिपूर्ति तिर्नु पर्ने भएमा जिल्ला अदालतले उपदफा (१) बमोजिम त्यस्तो फैसला बमोजिमको लगत तयार गरी राख्नु पर्नेछ ।

(४) विशेष अदालत, उच्च अदालत वा सर्वोच्च अदालतले सुरु कारवाही वा किनारा गरेको मुद्दाको फैसलाबमोजिम कुनै व्यक्तिलाई दण्ड, जरिवाना भएमा वा निजले बिगो वा क्षतिपूर्ति तिर्नु पर्ने भएमा सम्बन्धित जिल्ला अदालतले उपदफा (१) बमोजिम त्यस्तो फैसलाबमोजिमको लगत तयार गरी राख्नु पर्नेछ ।

(५) यस दफाबमोजिम लगत तयार गर्दा जन्मकैद, कैद, जरिवाना, क्षतिपूर्ति र तिर्नु बुझाउनु पर्ने बिगोसमेतको विवरण स्पष्ट देखिने गरी गाउँपालिका वा नगरपालिकाको वडाअनुसार अलग अलग तयार गर्नु पर्नेछ।

(६) यस दफाबमोजिम लगत राख्दा नियमावलीको अनुसूची - २५ बमोजिमको ढाँचामा राख्नु पर्नेछ ।

६. **लगत प्रमाणित गर्नु पर्ने:** (१) तहसिलदारले दफा ५ बमोजिम तयार गरिएको लगतमा देहायबमोजिमको विवरण ठिक दुरुस्त भए नभएको सम्बन्धित फैसला तथा मिसिलसँग भिडाई जाँच गर्नु पर्नेछ:-

(क) दण्ड जरिवाना लागेको व्यक्तिको नाम, थर, वतन र मिसिलबाट खुलेसम्मको हुलियासम्बन्धी अन्य विवरण।

(ख) दण्ड जरिवाना लागेको व्यक्तिको बाबु, आमा, बाजे र बज्यैको खुलेसम्मको नाम, थर, वतन र अन्य विवरण।

(ग) फैसलाबाट लागेको कैदको अवधि, जरिवानाको अंक वा तिर्नुपर्ने बिगो वा क्षतिपूर्ति रकम।

(घ) बिगो वा क्षतिपूर्ति भराई पाउने व्यक्तिको नाम, थर र वतन।

(ङ) शुरु तथा पुनरावेदन तहबाट भएको फैसलाबमोजिम लगत अद्यावधिक भए वा नभएको।

(च) लगतको ढाँचामा उल्लिखित अन्य विवरण।

(२) उपदफा (१) बमोजिम जाँच गर्दा फैसला बमोजिम ठिक दुरुस्तरुपमा लगत तयार गरिएको रहेनछ भने तहसिलदारले सम्बन्धित कर्मचारीलाई ठिक दुरुस्तरूपमा लगत तयार गर्न लगाउनु पर्नेछ।

(३) यस दफाबमोजिम जाँच गरिएको लगत ठिक दुरुस्त देखिएमा तहसिलदारले नाम, थर र दस्तखत स्पष्ट रूपमा बुझिने गरी लेखी मिति समेत उल्लेख गरी प्रमाणित गर्नु पर्नेछ।

७. **सम्बन्धित अदालतमा लगत पठाउन सकिने**: (१) लगत रहेको व्यक्ति रहे/बसेको वतन वा निजको सम्पत्तिको अवस्थिति वा अन्य कुनै कारण अभियोग पत्र वा उजुरी दायर भएको वा मुद्दा स्थानान्तरण भई आएको जिल्ला

अदालतबाट फैसला कार्यान्वयन गर्न नसकिने भएमा त्यस्तो व्यक्तिको बसोबास भएको वा निजको सम्पत्ति रहे/भएको जिल्ला अदालतबाट फैसला कार्यान्वयन हुने गरी लगत पठाउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम लगत प्राप्त भएमा लगत प्राप्त भएको जिल्ला अदालतले आफ्नो अदालतको लगत किताबमा लगत कसी सोको कार्यान्वयन गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम लगत कसेको बेहोराको जानकारी उपदफा (१) बमोजिम लगत पठाउने अदालतलाई दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम जानकारी प्राप्त भएमा उपदफा (३) बमोजिम लगत पठाउने अदालतको तहसिलदारले आफ्नो लगत विवरणमा सो बेहोरा जनाई प्रमाणित गरी राख्नु पर्नेछ।

८. **निकासाको लागि लेखी पठाउनु पर्ने:** (१) कुनै मुद्दामा धेरै जना प्रतिवादीहरू रहेको र निजहरुको बसोवास वा सम्पत्ति भिन्न भिन्न जिल्लामा भई वा अन्य कुनै कारणले फैसला कार्यान्वयन गर्ने जिल्ला अदालत यकिन हुन नसकेमा लगत रहेको जिल्ला अदालतले निकासाको लागि ऐनको दफा १५२ को उपदफा (३) बमोजिम पुनरावेदन सुन्ने अदालतमा लेखी पठाउनु पर्नेछ ।

(२) उपदफा (२) बमोजिम लेखी आएमा सम्बन्धित पुनरावेदन सुन्ने अदालतले उपयुक्तता हेरी त्यस्तो फैसलाको कार्यान्वयन गर्ने जिल्ला अदालत तोक्नेछ।

(३) उपदफा (२) बमोजिम जिल्ला अदालत तोकिँदा लगत रहेको जिल्ला अदालतलाई नतोकिएको भएमा लगत रहेको जिल्ला अदालतले बेहोरा जनाई आफ्नो अदालतमा रहेको लगत त्यसरी तोकिएको जिल्ला अदालतमा पठाउनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम तोकिएको अदालतमा उपदफा (३) बमोजिम लगत प्राप्त भएमा त्यसरी तोकिएको जिल्ला अदालतले आफ्नो लगत किताबमा लगत कसी सम्बन्धित अदालतलाई जानकारी दिई सोको कार्यान्वयन गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम जानकारी प्राप्त भएमा उपदफा (३) बमोजिम लगत पठाउने अदालतको तहसिलदारले आफ्नो लगत विवरणमा सो बेहोरा जनाई प्रमाणित गरी राख्नु पर्नेछ।

९. **फैसलाको जानकारी पठाउनु पर्ने:** (१) विशेष अदालत, उच्च अदालत वा सर्वोच्च अदालतले सुरु कारवाही वा किनारा गरेको मुद्दामा फैसला बमोजिम कुनै व्यक्तिलाई दण्ड, जरिवाना भएमा वा निजले बिगो वा क्षतिपूर्ति तिर्नु पर्ने भएमा त्यस्तो फैसला गर्ने अदालतले सोको लगत खडा गरी फैसलाको प्रतिलिपि सहितको जानकारी फैसला कार्यान्वयनका लागि सम्बन्धित जिल्ला अदालतमा पठाउनु पर्नेछ।

(२) पुनरावदेन सुन्ने अदालतबाट फैसला हुँदा तल्लो अदालतको फैसला उल्टी वा बदर भई कुनै व्यक्तिलाई दण्ड, जरिवाना भएमा वा निजले बिगो वा क्षतिपूर्ति तिर्नु पर्ने भएमा वा जिल्ला अदालतबाट कसिएको लगत संशोधन हुने भएमा त्यस्तो अदालतले फैसलाको प्रतिलिपिसहितको जानकारी सम्बन्धित जिल्ला अदालतमा पठाउनु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम फैसलाको जानकारी पठाउँदा त्यस्तो अदालतबाट फैसला प्रमाणीकरण भएको मितिले तीन दिनभित्र पठाउनु पर्नेछ।

१०. **लगत अद्यावधिक गर्ने:** (१) सम्बन्धित अदालत वा निकायबाट लगत अद्यावधिक गर्न वा लगतमा जनाउन वा लगत कट्टा गर्न कुनै जानकारी प्राप्त भएमा तहसिलदारले सोका आधारमा अदालतमा लगत कायम गर्ने, रहेको लगत अद्यावधिक गर्ने वा जनाउने वा लगत कट्टा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको जानकारी सम्बन्धित अदालत वा कार्यालयबाट प्राप्त नभएमा वा लगत अद्यावधिक गर्न वा जनाउन वा कट्टा गर्न आवश्यक भएमा तहसिलदारले त्यस्तो अदालत वा निकायबाट जानकारी लिई त्यस्तो लगत अद्यावधिक गर्ने, लगतमा जनाउने वा लगत कट्टा गर्ने कार्य गर्नु पर्नेछ।

(३) स्थानीय तह, जिल्ला वा प्रदेशको नाम, वडा नं. परिवर्तन वा सिमाना हेरफेर भएकोमा फैसलाबमोजिम लगत राख्दा वा कायम लगत अद्यावधिक गर्दा तहसिलदारले हाल कायम भएको ठेगानाको आधारमा लगत अद्यावधिक गरी राख्नु पर्नेछ।

११. **<u>एकीकृत लगत राख्नु पर्ने:</u>** (१) अदालतबाट फैसला हुँदा कुनै व्यक्तिलाई लागेको कैद, जरिवाना, बिगो वा क्षतिपूर्ति सम्बन्धी लगत अध्यावधिक गरी निर्देशनालयमा एकीकृत लगत राख्नु पर्नेछ।

(२) निर्देशनालयले एकीकृत लगत राख्दा विद्युतीय स्वरुपमा राख्नु पर्नेछ।

(३) एकीकृत लगत राख्ने तथा अध्यावधिक गर्ने प्रयोजनका लागि जिल्ला अदालतले आ-आफ्नो अदालतमा रहेको लगतको विवरण निर्देशनालयमा पठाउनु वा प्रवृष्टि गर्नु पर्नेछ।

## परिच्छेद- ४

## <u>कैद सजायको असूलीसम्बन्धी</u>

१२. **<u>कारागारमा पठाउनु पर्ने:</u>** (१) मुद्दा फैसला हुँदा कैद सजाय भएको व्यक्ति अदालतमा उपस्थित रहेछ भने तहसिलदारले निजलाई भएको कैदको लगत कसी सजाय कार्यान्वयन गर्न ऐनको दफा १५१ को उपदफा (४) बमोजिम सम्बन्धित कारागार कार्यालयमा पठाउनु पर्नेछ।

(२) कैदको सजायको लगत भएको व्यक्ति पक्राउ परी वा अदालतमा आफैं उपस्थित भएमा तहसिलदारले निजलाई भएको कैदको लगत कार्यान्वयन गर्न कारागार कार्यालयमा पठाउनु पर्नेछ।

तर फरार कसूरदारलाई पक्राउ गरी कारागारमा बुझाएको कैदीको हकमा सम्बन्धित कारागारले कैदी पूर्जी माग गरेमा लगत हेरी सम्बन्धित कारागार कार्यालयमा कैदी पूर्जी पठाउनु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम कारागार कार्यालयमा पठाउँदा तहसिलदारले कैदको सजाय हुने व्यक्तिलाई अनुसूची-१ बमोजिमको ढाँचामा कैदी पूर्जी दिनु पर्नेछ।

(४) माथिल्लो अदालतको फैसलाबाट सजाय थपघट भई कैदी पूर्जी संशोधन गर्नु पर्ने भएमा तहसिलदारले उपदफा (३) बमोजिम दिइएको कैदी पूर्जी संशोधन गरी अर्को कैदी पूर्जी दिनु पर्नेछ।

(५) अन्तिम फैसलाबाट जरिवाना वा सरकारी बिगोको लगत बाँकी रहेको कैदमा रहेको व्यक्तिको कैद अवधि भुक्तान हुन अगावै निजले त्यस्तो रकम नबुझाएमा वा रोक्का रहेको सम्पत्ति लिलाम विक्री गर्दा वा निजले राखेको धरौट वा जमानतबाट कट्टा गर्दा वा निजको सम्पत्ति जायजात गर्दा निजको नाममा कायम रहेको लगत असूल नभएमा निजलाई बाँकी जरिवाना वा सरकारी बिगोबापत हुने कैदको अवधि निर्धारण गरी कैदी पूर्जी दिई कैदमा राख्नु पर्नेछ।

१३. **<u>प्रहरी कार्यालयलाई लेखी पठाउनु पर्ने:</u>** फैसला बमोजिम कैद सजाय भएको व्यक्ति मुद्दाको फैसला हुँदा अदालतमा उपस्थित भएको रहेनछ वा थुना वा कैदमा पनि बसेको रहेनछ भने निजलाई पक्राउ गरी ल्याउन ऐनको दफा १५१ को उपदफा (४) बमोजिम सम्बन्धित प्रहरी कार्यालयलाई तहसिलदारले ऐनको अनुसूची-४९ बमोजिमको ढाँचामा आदेश गरी लेखी पठाउनु पर्नेछ।

१४. **<u>इजलासमा पेश गर्नु पर्ने</u>:** (१) कुनै कसूरदारलाई भएको कैद सजायको कार्यान्वयनको सम्बन्धमा कुनै द्विविधा भई कारागार कार्यालयले ऐनको दफा १५१ को उपदफा (५) बमोजिम जिल्ला अदालतमा लेखी पठाएमा त्यस्तो विषय निकासाको लागि इजलासमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश भएको विषयमा इजलासबाट भएको आदेशको जानकारी तहसिलदारले सम्बन्धित कारागार कार्यालयलाई लेखी पठाउनु पर्नेछ।

१५. **<u>नावालकलाई भएको कैद सजायको कार्यान्वयन:</u>** (१) फैसला बमोजिम कैद सजायको लगत भएको वालवालिकाको कैदको सजाय कार्यान्वयन गर्दा निजलाई ठहर भएको सजायबमोजिम निजले बालसुधार गृहमा बस्नु पर्ने अवधि किटान गरी ऐनको दफा १५४ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशबमोजिम बालसुधार गृहमा पठाउनु पर्नेछ।

(२) अपराध संहिताको दफा ४६ को उपदफा (२) बमोजिम अठार वर्ष उमेर नपुगेको बालबालिकाको हकमा जरिवानाबापत कैद गर्दा देहायबमोजिम गर्नु पर्नेछः-

(क) जरिवाना मात्र हुने वा कैद वा जरिवानामध्ये कुनै एक सजाय हुने कसूरमा जरिवाना नतिरेकोमा कैद नगरी जरिवाना मिनाह गर्नु पर्नेछ।

(ख) कैद वा जरिवाना वा दुवै सजाय हुने कसूरमा जरिवाना मात्र सजाय भएकोमा त्यस्तो जरिवाना नतिरेबापत कैद सजाय निर्धारण गर्नु पर्दा तीन महिनाभन्दा बढी नहुने गरी कैद गर्नु पर्नेछ।

(ग) चौध वर्ष उमेर पुगेको तर अठार वर्षभन्दा कम उमेर भएको व्यक्तिलाई कैद निर्धारण गर्दा अठार वर्ष उमेर पुगेको व्यक्तिलाई गर्नु पर्ने कैद सजायको आधाभन्दा बढी नहुने गरी कैद गर्नु पर्नेछ।

(३) उपदफा (२) को खण्ड (ख) वा (ग) बमोजिम कैद गर्नु परेमा समेत त्यस्तो बालबालिकालाई निजले बस्नुपर्ने अवधि किटान गरी वालसुधार गृहमा पठाउनु पर्नेछ।

१६. **लगतमा बेहोरा जनाउनु पर्ने:** (१) कैद सजाय भएको व्यक्तिलाई सजाय कार्यान्वयन गर्न कैदी पूर्जी दिई कारागार कार्यालयमा पठाएपछि तहसिलदारले अदालतमा भएको लगतमा सोही बेहोरा जनाई प्रमाणित गर्नु पर्नेछ।

(२) फैसलाबमोजिम कैद सजाय भएको व्यक्तिलाई तत्काल कारागारमा नपठाई सामुदायिक सेवामा पठाएको वा कैद निलम्बन भएको वा सुधार गृहमा पठाएको वा पुनर्स्थापना केन्द्रमा पठाएको वा अस्पताल वा चिकित्सा केन्द्रमा पठाएकोमा तहसिलदारले अदालतमा भएको लगतमा सोही बेहोरा जनाई प्रमाणित गर्नु पर्नेछ।

(३) फैसलाबमोजिम कैद सजाय पाई कारागारमा रहेको कैदीलाई कानूनबमोजिम खुला कारागारमा राखिएको वा सप्ताहन्त वा रात्रिकालीन समयमा मात्र कारागारमा राखिएको वा प्यारोलमा राखिएको वा कैदबापत शारीरिक श्रममा लगाएको वा सामाजिकीकरणको लागि कुनै काममा छोडिएको कुराको जानकारी कारागार कार्यालयबाट प्राप्त भएमा तहसिलदारले अदालतमा भएको लगतमा सोही बेहोरा जनाई प्रमाणित गर्नु पर्नेछ।

(४) फैसलाबमोजिम कैद सजाय भएको व्यक्तिले ऐनको दफा १५५ बमोजिम कैदको सट्टा रकम जम्मा गरी छुटेमा तहसिलदारले अदालतमा भएको लगतमा सोही बेहोरा जनाई प्रमाणित गर्नु पर्नेछ।

(५) तहसिलदारले उपदफा (१) बमोजिम कैदी पूर्जी दिएको तथा उपदफा (२), (३) र (४) बमोजिम बेहोरा प्रमाणित गरेको लगतको छुट्टा छुट्टै विवरण राख्न सक्नेछ।

१७. **कैद अवधिमा गणना हुने:** (१) कैदको सजाय पाएको व्यक्तिको कैद अवधि गणना गर्दा निज अनुसन्धानको सिलसिलामा हिरासतमा वा मुद्दाको पुर्पक्षको सिलसिलामा थुनामा बसेको भए त्यस्तो अवधि ऐनको दफा १६१ उपदफा (१) बमोजिम निजलाई हुने कैद अवधिमा गणना गर्नु पर्नेछ।

(२) फैसलाबाट कैदको सजाय भएको व्यक्तिले फौजदारी कसूर सजाय निर्धारण तथा कार्यान्वयनसम्बन्धी प्रचलित कानूनबमोजिम देहायको मध्ये कुनै प्रकृयाबाट कैद भुक्तान गरेको मानिने अवस्था पूरा गरेको भए त्यस्तो अवधि निजलाई लागेको कैदको अवधिमा गणना हुनेछः-

(क) सामुदायिक सेवामा पठाएको,

(ख) कैद निलम्बन भएको,

(ग) सुधार गृहमा पठाएको,

(घ) पुनर्स्थापना केन्द्रमा पठाएको,

(ङ) अस्पताल वा चिकित्सा केन्द्रमा पठाएको,

(च) खुला कारागारमा राखिएको,

(छ) सप्ताहको अन्तिम दिन मात्र कारागारमा राखिएको,

(ज) रात्रिकालिन समयमा मात्र कारागारमा राखिएको,

(झ) प्यारोलमा राखिएको,

(ञ) कैद बापत शारीरिक श्रममा लगाएको,

(ट) सामाजिकीकरण गराउन कुनै कामको लागि कारागारबाट छोडिएको।

(३) फौजदारी कसूर सजाय निर्धारण तथा कार्यान्वयनसम्बन्धी प्रचलित कानूनबमोजिम कैदबापत शारीरिक श्रम गर्ने कसूरदारको कैदको अवधि निजले प्रति तीन दिन श्रम गरेबापत थप एक दिनको दरले कैद अवधि कट्टा हुने गरी गणना गर्नु पर्नेछ।

(४) प्रचलित कानूनबमोजिम कुनै कसूरदारलाई भएको कैदको सजाय भुक्तानी भएको मानिने अवस्था पूरा भएमा वा कैद अवधिमा छुट पाउने भएमा त्यस्तो अवधिको कैद भुक्तान गरेको मानिनेछ।

(५) कैदको अवधि गणना गर्दा हिरासत वा थुना वा कैदमा बसेको मितिदेखि गणना गर्नु पर्नेछ र हिरासत, थुना वा कैदबाट छुटेको दिनलाई गणना गर्न हुँदैन।

१८. **कैदबापत रकम बुझाउन सक्ने:** (१) फैसलाबाट एक वर्ष वा सोभन्दा कम कैदको सजाय भएको व्यक्तिलाई ऐनको दफा १५५ बमोजिम रकम बुझाउन सक्ने गरी आदेश भएमा र निजले कैद सजाय भएको अवधिको प्रतिदिन रु. ३००।— का दरले रकम बुझाएमा तहसिलदारले निजलाई कैदको सट्टा रकम बुझी छोडिदिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आदेश दिनु अघि निजसँग कुनै प्रकारको कसूर नगरी राम्रो आचरण पालना गर्नेछु भन्ने बेहोराको अनुसूची-२ बमोजिमको ढाँचामा कागज गराउनु पर्नेछ।

१९. **विदेशीले कैदबापत रकम बुझाउन सक्ने:** (१) फैसलाबाट एक वर्ष वा सोभन्दा कम कैदको सजाय भएको विदेशी व्यक्तिले ऐनको दफा १५५ उपदफा (५) बमोजिम कैदको सट्टा रकम बुझाई कैदबाट छुटकारा पाउन निवेदन दिएमा र अदालतबाट मागबमोजिम आदेश भएमा निजले कैद सजाय भएको अवधिको प्रतिदिन रु. ५००।— का दरले रकम बुझाएमा तहसिलदारले कैदको सट्टा रकम बुझी निजलाई छोडिदिनु पर्नेछ।

तर ऐनको दफा १५९ को उपदफा (४) मा उल्लिखित कसूर गर्ने विदेशी कसूरदारको हकमा त्यस्तो आदेश गर्न सकिने छैन।

(२) उपदफा (१) बमोजिम आदेश गर्दा त्यस्तो विदेशी व्यक्तिलाई सात दिनभित्र नेपालबाहिर पठाउने आदेश गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम आदेश भएमा तहसिलदारले आदेशको प्रतिलिपिसहित सो कुराको जानकारी सम्बन्धित कारागार तथा अध्यागमन कार्यालयलाई दिनु पर्नेछ।

## परिच्छेद- ५

## जरिवाना र सरकारी बिगो वा क्षतिपूर्तिको असुलीसम्बन्धी

२०. **जरिवानाको असुली:** (१) जरिवाना मात्रको लगत भएको व्यक्ति मुद्दाको अनुसन्धानको सिलसिलामा हिरासतमा वा मुद्दाको पुर्पक्षको सिलसिलामा थुनामा बसेको रहेछ भने त्यस्तो व्यक्ति हिरासत वा थुनामा बसेको अवधिको एक दिनको रु. ३००।— का दरले हिसाब गरी हुन आउने रकम ऐनको दफा १६१ को उपदफा (२) बमोजिम निजले बुझाउन पर्ने जरिवानाको रकममा कट्टा गर्नु पर्नेछ।

(२) फैसलाबमोजिम जरिवाना मात्र वा जरिवाना समेतको सजाय भएको लगत रहेको व्यक्ति जरिवाना बुझाउन अदालतमा उपस्थित भएमा निजबाट सो रकम बुझी लिई असूली जनाउनु पर्नेछ ।

(३) जरिवानाको लगत भएको व्यक्तिले मुद्दाको पुर्पक्षको क्रममा वा पुनरावेदन गर्दा ऐनको दफा १३७ बमोजिम धरौट वा जमानत राखेको रहेछ र निजले सो रकम फिर्ता पाउन सक्ने रहेछ भने निजलाई लागेको जरिवाना त्यस्तो धरौट वा जमानतबाट असूल उपर गर्नु पर्नेछ।

(४) जरिवानाको लगत भएको व्यक्तिले आफुलाई लागेको जरिवाना तत्काल बुझाउन नसकी कुनै सम्पत्ति जमानत दिएमा अदालतले एक वर्षभित्र त्यस्तो रकम चुक्ता हुने गरी बढीमा तीन किस्तामा जरिवाना बुझाउने आदेश दिन सक्नेछ।

२१. **<u>जरिवानाबापत कैद गर्न सकिने:</u>** (१) जरिवानाको लगत भएको व्यक्तिलाई असूल हुन नसकेको पूरै वा आंशिक जरिवानाबापत कैद गर्दा अपराध संहिताको दफा ४६ को उपदफा (२) बमोजिम देहायको अवधिमा नबढ्ने गरी कैद गर्न सकिनेछः-

(क) कैद र जरिवाना दुवै सजाय भएको व्यक्तिको हकमा दश वर्ष,

(ख) कैद वा जरिवाना वा दुवै सजाय हुन सक्ने कसूरमा जरिवानाको मात्र सजाय भएको व्यक्तिको हकमा हुन सक्ने कैदको उपल्लो हदको आधा,

(ग) जरिवाना मात्र भएकोमा दुई वर्ष ।

(२) उपदफा (१) बमोजिम जरिवानाबापत हुने कैदको अवधि निर्धारण गर्दा निजलाई हुन सक्ने कैदको अवधि र जरिवानाको कूल रकमको अनुपातमा ऐनको दफा १६२ को उपदफा (५) बमोजिम निर्धारण गर्नु पर्नेछ।

२२. **<u>सरकारी बिगो वा क्षतिपूर्ति भराउने:</u>** (१) फैसलाबमोजिम सरकारी बिगो वा क्षतिपूर्ति बुझाउनु पर्ने लगत भएको कसूरदारले ऐनको दफा १६३ को उपदफा (२) बमोजिम फैसला अन्तिम भएको मितिले तीस दिनभित्र त्यस्तो सरकारी बिगो वा क्षतिपूर्तिबापतको रकम बुझाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सरकारी बिगो वा क्षतिपूर्ति बुझाउनु पर्ने लगत भएको कसूरदारले त्यस्तो रकम नबुझाएमा निजले वा निजको तर्फबाट दिएको धरौट वा जमानतबाट असुल उपर गर्न सकिने भए सोबाट र नभए ऐनको दफा १६४ को उपदफा (२) बमोजिम निजको सम्पत्ति जायजात गरी असूल उपर गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम कसूरदारको सम्पत्ति जायजात गर्ने प्रयोजनको लागि निजको सम्पत्ति पहिले नै रोक्का भएको रहेनछ भने तहसिलदारले यथासम्भव चाँडो निजको सम्पत्ति रोक्का राख्ने आदेश गरी सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

(४) सरकारी बिगो वा क्षतिपूर्ति बुझाउनु पर्ने लगत भएको कसूरदारको चल सम्पत्ति रोक्का रहेछ भने सम्बन्धित निकाय वा संस्थाबाट त्यस्तो सम्पत्ति प्राप्त गरी र अचल सम्पत्ति रोक्का रहेको भए कानूनबमोजिम लिलाम बिक्री गरी भराई दिनु पर्नेछ।

२३. **<u>असूल उपर हुन नसकेको सरकारी बिगो वा क्षतिपूर्तिबापत कैद गर्न सकिने:</u>** (१) कसूरदारको सम्पत्ति जायजात गर्दा सरकारी बिगो वा क्षतिपूर्ति असूल उपर हुन नसकेमा सो बापत ऐनको दफा १६४ बमोजिम सात वर्षभन्दा बढी नहुने गरी कैद गर्न सकिनेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि कसूरदारलाई कैदमा राख्ने अवधि निर्धारण गर्दा देहाय बमोजिम निर्धारण गर्नु पर्नेछः-

(क) पाँच हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्मको बिगोबापत एक महिना,

(ख) दश हजार रुपैयाँभन्दा बढी पच्चीस हजार रुपैयाँसम्मको बिगोबापत तीन महिना,

(ग) पच्चीस हजार रुपैयाँभन्दा बढी पचास हजार रुपैयाँसम्मको बिगोबापत छ महिना,

(घ) पचास हजार रुपैयाँभन्दा बढी एक लाख रुपैयाँसम्मको बिगोबापत एक वर्ष,

(ङ) एक लाख रुपैयाँभन्दा बढी प्रत्येक पचास हजार रुपैयाँसम्मको बिगोबापत छ महिनाका दरले।

(३) उपदफा (२) को खण्ड (क) मा उल्लिखित रकमभन्दा कम रकम बापत कैद गर्नु पर्दा प्रति दिनको तीनसय रुपैयाँ कट्टी हुने गरी गर्नु पर्नेछ ।

२४. **फरार कसूरदारको जरिवाना, सरकारी बिगो वा क्षतिपूर्तिको असूली:** (१) फैसलाबमोजिम भएको जरिवाना, सरकारी बिगो वा सरकारी क्षतिपूर्तिको लगत बाँकी रहेको व्यक्ति अदालतमा उपस्थित भए निजबाट लगतबमोजिमको नगद रकम बुझी लिई असुली जनाउनु पर्नेछ।

(२) फरार कसूरदारले वा निजको तर्फबाट दिएको धरौट वा जमानतबाट असुल उपर गर्न सकिने भए सोबाट तथा निजको सम्पत्ति ऐनको दफा ५८ को उपदफा (१५), दफा ६५ बमोजिम रोक्का रहेको वा दफा १५६ बमोजिम रोक्का गरिएकोमा त्यस्तो कसूरदारको हकमा दफा १५४ को उपदफा (४) बमोजिम पक्राउ गरी ल्याउन आदेश दिइएको छ महिनाको अवधि व्यतीत भएपछि त्यसरी रोक्का राखिएको सम्पत्ति लिलाम गरी निजको नाममा कायम रहेको जरिवाना, सरकारी बिगो वा सरकारी क्षतिपूर्ति असुल गर्नु पर्नेछ ।

(३) फैसला बमोजिमको जरिवाना, सरकारी बिगो वा क्षतिपूर्तिबापतको लगत असूलीको लागि कुनै काम कुनै निकायले गर्नु पर्ने रहेछ भने तहसिलदारले सम्बन्धित निकायलाई त्यस्तो काम गर्न आदेश गरी लेखी पठाउनु पर्नेछ ।

## परिच्छेद- ६

## निजी बिगो र क्षतिपूर्ति भराइ दिनेसम्बन्धी

२५. **निजी बिगो वा क्षतिपूर्तिबापतको रकम बुझाउनु पर्ने**: (१) अदालतको फैसलाबमोजिम बिगो वा क्षतिपूर्तिको लगत भएको व्यक्तिले ऐनको दफा १६५ को उपदफा (१) बमोजिम फैसला अन्तिम भएको छ महिनाभित्र त्यस्तो बिगो वा क्षतिपूर्तिबापतको रकम फैसला बमोजिम भरी पाउने पीडित वा निजको हकवालालाई बुझाउनु पर्नेछ र सोको निस्सा अदालतमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बिगो वा क्षतिपूर्तिको लगत भएको व्यक्तिले आफुले बुझाउनु पर्ने बिगो वा क्षतिपूर्तिको रकम पीडित वा निजको हकवालालाई नबुझाई अदालतमा दाखिल गर्न ल्याएमा तहसिलदारले धरौटीमा आम्दानी बाँध्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम बिगो वा क्षतिपूर्तिको रकम धरौटीमा आम्दानी बाँधिएकोमा तहसिलदारले त्यस्तो बिगो वा क्षतिपूर्ति भरी पाउने पीडित वा निजको हकवालालाई सो रकम बुझी लिन आउन सूचना दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको सूचना अनुसार वा स्वयम्ले थाहा पाई पीडित वा निजको हकवाला रकम बुझी लिन अदालतमा उपस्थित भएमा तहसिलदारले त्यस्तो रकम निजलाई बुझाइदिनु पर्नेछ।

२६. **धरौट वा जमानतको रकमबाट निजी बिगो वा क्षतिपूर्ति भराइदिने**: बिगो वा क्षतिपूर्ति भराई पाउन निवेदन परेमा र अदालतको फैसला बमोजिम बिगो वा क्षतिपूर्ति बुझाउनु पर्ने लगत भएको व्यक्तिले अदालत समक्ष धरौट वा जमानत राखेको रहेछ र निजले उक्त धरौट वा जमानत फिर्ता पाउन सक्ने रहेछ भने ऐनको दफा १६५ को उपदफा (५) बमोजिम तहसिलदारले त्यस्तो रकमबाट निजले बुझाउनु पर्ने बिगो वा क्षतिपूर्तिबापतको रकम बिगो वा क्षतिपूर्ति भरी पाउने पीडित वा निजको हकवालालाई भराईदिनु पर्नेछ।

२७. **निजी बिगो वा क्षतिपूर्ति भराउन निवेदन दिनु पर्ने**: (१) फैसला बमोजिम बिगो र क्षतिपूर्ति बुझाउनु पर्ने लगत रहेको व्यक्तिले अन्तिम फैसला भएको मितिले छ महिनाभित्र त्यस्तो बिगो वा क्षतिपूर्तिबापतको रकम नबुझाएमा ऐनको दफा १६५ को उपदफा (३) बमोजिम बिगो वा क्षतिपूर्ति रकम भरी पाउने पीडित वा निजको हकवालाले फैसला अन्तिम भएको मितिले तीन वर्षभित्र बिगो वा क्षतिपूर्ति भराउन नियमावलीको नियम ८३ बमोजिमको विवरण खुलाई निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन दिंदा बिगो वा क्षतिपूर्ति भर्नुपर्ने व्यक्तिको हकको सम्पत्ति पहिले नै रोक्का रहेको नभएमा निजको हकको सम्पत्तिसमेत देखाई बमोजिमको अनुसूची-३ ढाँचामा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम परेको निवेदनमा देखाइएको सम्पत्ति रोक्का राख्न तहसिलदारले आदेश गरी सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

(४) यस दफाबमोजिम निवेदन पर्न आएमा तहसिलदारले कानूनबमोजिमको अवधिभित्र बिगो वा क्षतिपूर्ति नबुझाउने त्यस्तो व्यक्तिलाई ऐनको दफा १६५ बमोजिम जरिवाना गर्ने प्रयोजनको लागि इजलास समक्ष पेश गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम इजलासमा पेश भएकोमा बिगो वा क्षतिपूर्तिको लगत भएको व्यक्तिलाई इजलासबाट भएको जरिवाना र लगत रहेको बिगो वा क्षतिपूर्तिबापतको रकम बुझाउन ल्याउनु भनी प्रतिवादीका नाममा तीन दिनभित्र नियमावलीको अनुसूची-२७ बमोजिमको ढाँचामा सूचना जारी गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम जारी भएको सूचनाको म्यादभित्र बिगो र क्षतिपूर्तिको लगत भएको व्यक्तिले निजलाई भएको जरिवाना र लगत बमोजिमको बिगो वा क्षतिपूर्तिबापतको रकम बुझाउन ल्याएमा बुझी लिई बिगो वा क्षतिपूर्तिबापतको रकम निवेदकलाई भराई दिनु पर्नेछ।

(७) फैसलाबमोजिमको निजी बिगो वा क्षतिपूर्तिबापतको लगत असूलीको लागि कुनै काम कुनै निकायले गर्नु पर्ने रहेछ भने तहसिलदारले सम्बन्धित निकायलाई त्यस्तो काम गर्न आदेश गरी लेखी पठाउनु पर्नेछ ।

२८. **<u>लिलाम बिक्री गरी निजी बिगो वा क्षतिपूर्ति भराई दिने</u>**: बिगो वा क्षतिपूर्ति बुझाउनु पर्ने लगत रहेको व्यक्तिले दफा २५ बमोजिम जारी भएको सूचनाको अवधिभित्र बिगो वा क्षतिपूर्तिबापतको रकम बुझाउन नल्याएमा र निज म्यादभित्र हाजिर भएमा निजलाई तारिखमा राखी निजको रोक्का रहेको सम्पत्ति जायजात लिलाम विक्री गरी त्यस्तो रकम निवेदकलाई भराई दिनु पर्नेछ।

२९. **<u>निवेदन तामेलीमा राख्ने</u>**: (१) फैसला अन्तिम भएको तीन वर्षभित्र बिगो वा क्षतिपूर्ति भराई पाउने पीडित वा निजको हकवालाले बिगो वा क्षतिपूर्ति बुझाउन पर्ने लगत रहेको व्यक्तिको सम्पत्ति पत्ता लगाउन नसकी ऐनको दफा १६५ बमोजिम दिएको निवेदनमा सम्पत्ति नखुलाएमा त्यस्तो सम्पत्ति फेला परेको बखत निजले जनाउ दिएमा भराई दिने गरी अदालतले त्यस्तो निवेदन तामेलीमा राखु पर्नेछ।

(२) बिगो वा क्षतिपूर्तिबापतको रकम भराई पाउन निवेदन दिई तारेखमा रहेको पीडित वा निजको हकवाला अदालतले तोकेको तारेखको दिन अनुपस्थित रहेमा वा निजले ऐनको दफा १६८ बमोजिम थमाउन पाउने अवधिभित्र उपस्थित भई निवेदन नदिएमा त्यस्तो बिगो वा क्षतिपूर्ति भराई दिने सम्बन्धी कारवाही एक वर्षसम्मको लागि तामेलीमा राख्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र सम्बन्धित व्यक्ति बिगो वा क्षतिपूर्तिबापतको रकम भराउने कारवाही गरी पाउँ भनी निवेदनसहित अदालतमा उपस्थित भएमा त्यस्तो निवेदन दर्ता गरी बिगो वा क्षतिपूर्ति भराई दिनेसम्बन्धी कारवाही गर्नु पर्नेछ।

३०. **<u>कारवाही अन्तिम हुने</u>**: (१) बिगो वा क्षतिपूर्ति भराई पाउँ भनी निवेदन दिने व्यक्ति अदालतबाट तोकिएको तारेखमा उपस्थित नभई निवेदन तामेलीमा राखिएकोमा त्यसरी तामेलीमा राखिएको एक वर्षको अवधिभित्र सम्बन्धित व्यक्ति अदालतमा उपस्थित नभएमा ऐनको दफा १६८ को उपदफा (४) बमोजिम त्यस्तो बिगो वा क्षतिपूर्ति भराई दिनेसम्बन्धी कारवाही अन्तिम हुनेछ।

(२) उपदफा (१) मा उल्लिखित अवधि व्यतीत भएपछि अदालतबाट त्यस्तो बिगो वा क्षतिपूर्ति भराईदिने सम्बन्धी कुनै कारवाही गरिने छैन।

३१. **<u>निजी बिगो वा क्षतिपूर्तिबापत कैद गराउन सक्ने</u>**: (१) निजी बिगो वा क्षतिपूर्ति भराई पाउने पीडित वा निजको हकवालाले देहायको अवस्थामा देहायको अवधिभित्र त्यस्तो व्यक्तिलाई ऐनको दफा १६५ बमोजिम कैद गराउन निवेदन दिन सक्नेछ:-

(क) निजी बिगो वा क्षतिपूर्ति बुझाउनु पर्ने व्यक्तिको सम्पत्ति लिलाम विक्री गर्दा प्राप्त भएको रकमले भराउनु पर्ने बिगो वा क्षतिपूर्तिको रकम नखामेमा असूल हुन नसकेको रकमबापत सम्पत्ति लिलाम विक्री भएको मितिले तीस दिनभित्र।

(ख) निजी बिगो वा क्षतिपूर्ति बुझाउनु पर्ने व्यक्तिको सम्पत्ति पत्ता लगाउन नसकेको कारण ऐनको दफा १६५ बमोजिम निवेदन तामेलीमा राखिएकोमा भराई पाउने बिगो वा क्षतिपूर्तिको रकमबापत निवेदन तामेलीमा राखिएको मितिले तीस दिनभित्र।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा अदालतले असूल हुन नसकेको निजी बिगोको रकमको हकमा दुई वर्षभन्दा बढी नहुने गरी, क्षतिपूर्ति रकमको हकमा र नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रण भएको सार्वजनिक संस्थाको बिगोको हकमा चार वर्षभन्दा बढी नहुने गरी एक दिनको तीन सय रुपैयाँको दरले त्यसरी बाँकी हुन आएको निजी बिगो वा क्षतिपूर्तिको रकमलाई कैदमा परिणत गरी निजी बिगो वा क्षतिपूर्ति बुझाउनु पर्ने व्यक्तिलाई कैद गर्नु पर्नेछ।

(३) निजी बिगो वा क्षतिपूर्तिबापत कैद गर्नु पर्दा तीन सय रुपैयाँभन्दा कम रकम भएमा वा बाँकी रहन गएमा सोबापत एक दिन कैद गर्नु पर्नेछ।

(४) निजी बिगो वा क्षतिपूर्तिबापत कैद गर्दा कानूनबमोजिम लाग्ने सिधा खर्च नेपाल सरकारले व्यहोर्नु पर्नेछ।

## परिच्छेद- ७

## लगत कट्टासम्बन्धी

३२. **लगत कट्टा हुने:** (१) देहायको अवस्थामा ऐनको दफा १६० को उपदफा (१) बमोजिम आफ्नो अदालतमा रहेको लगत कट्टा गर्नु पर्नेछः-

(क) कसूरदारले निजलाई भएको कैद भुक्तान गरेमा,

(ख) कसूरदारले प्रचलित कानून बमोजिम श्रम गरी कैद भुक्तान गरेमा,

(ग) कसूरदारको मृत्यु भई ऐनको दफा १५८ बमोजिम कैद वा जरिवाना मिनाहा भएमा,

(घ) प्रचलित कानून बमोजिम सुधार गृह, वालसुधार गृह, सामुदायिक सेवा गरी, प्यारोलमा बसी, सप्ताहन्त वा रात्रिकालिन समयमा मात्र कैदमा बसी, पुर्नस्थापना केन्द्रमा बसी वा खुला कारागारमा रही, अस्पताल वा चिकित्सा केन्द्रमा बसी वा कैद सजाय निलम्वन भई कैद भुक्तान गरेको मानिने अवधि पूरा गरेमा,

(ङ) कसूरदारले ऐनको दफा १५९ बमोजिम सजाय माफी पाएमा,

(च) कसूरदारले फैसलाबमोजिम जरिवाना वा बिगो वा क्षतिपूर्तिबापतको पूरै रकम बुझाएमा, वा

(छ) कसूरदारलाई लागेको कैद वा सजाय वा बिगो वा क्षतिपूर्तिबापतको रकम असुल गरिएमा ।

(२) ऐनको दफा १५५ बमोजिम कैदबापत रकम बुझाएको व्यक्तिको लगत सोही दफाबमोजिमको आदेश रद्द भएकोमा बाहेक निजलाई लागेको कैद अवधि समाप्त भएपछि निजको नामको लगत कट्टा गर्नु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम लगत कट्टा गर्दा तहसिलदारले लगत कट्टा हुने कारण खुलाई प्रमाणित गर्नु पर्नेछ।

३३. **लगत कट्टा गर्नु पर्ने विशेष अवस्था:** (१) जिल्ला अदालतले ऐनको दफा १६० को उपदफा (२) बमोजिम कैदको सजाय तोकिएको वा जरिवाना वा सरकारी बिगो वा अन्य कुनै रकम बापत कैद बस्नु पर्ने व्यक्ति देहायको अवधिसम्म अदालतमा उपस्थित नभएमा वा कैद बस्न नआएमा वा पक्राउ हुन नसकेमा निजको हकमा खडा भएको कैदको लगत कट्टा गरिदिनु पर्नेछः–

(क) जन्मकैदको सजाय भएकोमा पचास वर्ष,

(ख) दश वर्षभन्दा बढी कैद सजाय भएकोमा चालीस वर्ष,

(ग) पाँच वर्षभन्दा बढी दश वर्षसम्म कैद सजाय भएकोमा तीस वर्ष,

(घ) एक वर्षभन्दा बढी पाँच वर्षसम्म कैद सजाय भएकोमा बीस वर्ष,

(ङ) एक वर्षसम्मको कैद सजाय भएकोमा बाह्र वर्ष ।

(२) कैदसहित जरिवाना वा सरकारी बिगो वा अन्य कुनै रकमको लगत भएको व्यक्तिको लगत उपदफा (१) बमोजिमको अवधिसम्म तथा कैदबाहेक जरिवाना वा सरकारी बिगो वा अन्य कुनै रकमको मात्र लगत भएको व्यक्तिको लगत बाह्र वर्षसम्म असुल नभएमा निजलाई लागेको जरिवाना वा सरकारी बिगो वा अन्य कुनै रकमलाई ऐनको दफा १६० को उपदफा (२) को प्रयोजनको लागि कैदमा परिणत गर्नु पर्नेछ।

(३) ऐनको दफा १६० को उपदफा (२) को प्रयोजनको लागि जरिवाना वा सरकारी बिगो वा अन्य कुनै रकम बापत कैद बस्नु पर्ने अवधि निर्धारण गर्दा अपराध संहिताको दफा ४६ को उपदफा (२) को अधिनमा रही ऐनको दफा १६४ को उपदफा (४) बमोजिम प्रतिदिनको रु. ३००।— कट्टा हुने गरी कैदको अवधि निर्धारण गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम कैदमा परिणत गरेपछि त्यस्तो अवधिलाई कसूरदारलाई कैद सजाय भएको सरह मानी उपदफा (१) बमोजिमको अवधि व्यतीत भएपछि लगत कट्टा गर्नु पर्नेछ।

(५) यस दफा बमोजिम कट्टा गरिएको लगतको नियमावलीको अनुसूची-२६ बमोजिमको ढाँचामा छुट्टै अभिलेख तयार गरी तहसिलदारले प्रमाणित गरी राख्नु पर्नेछ।

३४. **लगत कायम गरी असूल गरिने:** (१) ऐनको दफा १६० को उपदफा (२) बमोजिम लगत कट्टा भएको व्यक्ति त्यसरी लगत कट्टा भएपछि फेला परेमा अदालतले निजको हकमा कट्टा भएको लगत पुन: कायम गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लगत कायम गरी निजको नाममा कैदको लगत भए सो कार्यान्वयन गर्न कारागार कार्यालयमा पठाउनु पर्नेछ र जरिवाना, बिगो वा क्षतिपूर्तिको लगत भए यसै निर्देशिका बमोजिम गरी कार्यान्वयन गर्नु पर्नेछ।

## परिच्छेद- ८
## विविध

३५. **फैसला कार्यान्वयन स्थगित हुनेः** (१) देहायको अवस्थामा ऐनको दफा १५३ बमोजिम अदालतले फैसला कार्यान्वयन स्थगन गर्नु पर्नेछ :–

(क) कानूनबमोजिम पुनरावेदन लाग्न सक्ने मुद्दामा पुनरावेदन परेको भए पुनरावेदनको रोहबाट मुद्दाको अन्तिम किनारा नभएसम्म वा पुनरावेदन नपरेकोमा पुनरावेदन लाग्न सक्ने म्याद भुक्तान नभएसम्म,

(ख) कानून बमोजिम साधक पेश हुने मुद्दा भए पेश भएको साधकको निकासा नभएसम्म।

(२) उपदफा (१) को खण्ड (क) बमोजिम पुनरावेदन परेकोमा पुनरावेदन गर्ने पक्षले पुनरावेदन गरेको बेहोराको जानकारी सम्बन्धित अदालतमा दिन सक्नेछ।

(३) कुनै कसूरदारलाई कैदको सजाय हुने ठहरी फैसला भएकोमा ऐनको दफा १५३ को उपदफा (३) बमोजिम त्यस्तो कसूरदारलाई तत्काल कैदमा पठाउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम पुनरावेदन परे नपरेको वा साधक निकासा भए वा नभएको सम्बन्धमा तहसिलदारले सम्बन्धित अदालतमा पत्राचार समेत गरी तथा मिसिल अध्ययन गरी फैसलाको कार्यान्वयन स्थगन गर्नु पर्ने नपर्ने विषयको यकिन गर्नु पर्नेछ।

३६. **<u>सजाय पाएको व्यक्तिको मृत्यु भएमा सजाय मिनाहा हुने</u>** : (१) अदालतबाट कसूरदार ठहरी सजाय पाएको व्यक्तिको मृत्यु भएमा ऐनको दफा १५८ बमोजिम निजको मृत्यु हुँदाका बखतसम्म कार्यान्वयन हुन बाँकी रहेको सम्पूर्ण कैद सजाय वा जरिवाना स्वतः मिनाहा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी वा निजी बिगो, क्षतिपूर्ति वा अन्य कुनै रकम भर्नु पर्ने व्यक्तिको त्यस्तो बिगो, क्षतिपूर्ति वा रकम भराउनु अगावै मृत्यु भएमा निजको हकको सम्पत्तिबाट असुल उपर हुनेसम्म असुल उपर गरी भराई दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम बिगो, क्षतिपूर्ति वा रकम भराउँदा त्यस्तो व्यक्तिको सम्पत्तिले खामेसम्म क्रमशः सरकारी बिगो, क्षतिपूर्ति र निजी बिगोलाई प्राथमिकता दिई क्रमशः भराउनु पर्नेछ ।

३७. **<u>जरिवाना, बिगो र क्षतिपूर्ति भराउँदाको प्राथमिकता</u>**: (१) फैसला बमोजिम जरिवाना, बिगो वा क्षतिपूर्तिको रकम भराउँदा कसूरदारले राखेको नगद धरौट, जमानत, कसूरदारको रोक्का रहेको सम्पत्ति र कसूरदारको अन्य सम्पत्तिबाट भराइदिनु पर्नेछ।

(२) फैसलाबमोजिम जरिवाना, बिगो र क्षतिपूर्ति रकम भराउँदा ऐनको दफा १६६ को उपदफा (२) बमोजिम देहायको प्राथमिकताक्रमको आधारमा भराई दिनु पर्नेछः–

(क) जरिवाना,

(ख) बिगो,

(ग) क्षतिपूर्ति,

(घ) अन्य कुनै रकम भए त्यस्तो रकम ।

३८. **<u>धरौट वा जमानतबाट जरिवाना, बिगो वा क्षतिपूर्ति भराउने</u>**: (१) कसूरदारले जरिवाना, बिगो वा क्षतिपूर्ति वा अन्य रकम नबुझाएमा वा निजले राखेको नगद धरौटबाट त्यस्तो रकम असूल उपर नभएमा यसै निर्देशिकाको अधिनमा रही त्यस्तो कसूरदारले वा निजलाई अन्य व्यक्तिले दिएको बैंक जमानतबाट त्यस्तो रकम असूल उपर गर्नु वा भराई दिनु पर्नेछ ।

(२) कसूरदारले वा निजलाई अन्य व्यक्तिले दिएको जमानत बापत कुनै सम्पत्ति राखेको भए ऐनको दफा १६६ को उपदफा (५) बमोजिम त्यस्तो सम्पत्ति लिलाम बिक्री गरी त्यस्तो रकम असूल उपर गर्नु वा भराई दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम कुनै कसूरदारको हकमा कुनै व्यक्तिले आफ्नो सम्पत्ति धरौट वा जमानत दिएको रहेछ भने अदालतले त्यस्तो व्यक्तिको सम्पत्ति लिलाम बिक्री गर्नुअघि निजलाई फैसला बमोजिम कसूरदारले बुझाउनु पर्ने जरिवाना, बिगो, क्षतिपूर्ति वा अन्य रकम बुझाउन अनुसूची - ४ बमोजिमको ढाँचामा पैंतालीस दिनको सूचना दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको अवधिभित्र कसूरदार वा निजको हकमा सम्पत्ति जमानत दिने व्यक्तिले त्यस्तो रकम बुझाएमा लिई निजले धरौट वा जमानत दिएको हदसम्मको सम्पत्ति फुकुवा गरिदिनु पर्नेछ ।

३९. **<u>कसूरदारको अन्य सम्पत्तिबाट जरिवाना, बिगो वा क्षतिपूर्ति भराउने</u>**: (१) कसूरदारले जरिवाना, बिगो वा क्षतिपूर्ति वा अन्य रकम नबुझाएमा वा नगद धरौट वा जमानतबाट त्यस्तो रकम असूल उपर नभएमा त्यस्तो असूल उपर हुन नसकेको रकम ऐनको दफा १६६ को उपदफा (६) बमोजिम कसूरदारको अरू सम्पत्ति लिलाम बिक्री गरी भराई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लिलाम गर्ने प्रयोजनका लागि कसूरदारको अंश छुट्टिएको रहेनछ भने निजको हकमा कानूनबमोजिम अंश भाग छुट्याई लिलाम गर्नु पर्नेछ ।

४०. **म्याद सूचनाको तामेली**: फैसला कार्यान्वयनको क्रममा सम्बन्धित व्यक्तिका नाममा जारी हुने म्याद वा सूचना तामेल गर्दा म्याद तामेली निर्देशिका, २०७५ बमोजिम गर्नु पर्नेछ ।

४१. **दण्ड जरिवानाको लगत भिडाउने**: (१) अदालतमा कुनै लिखत दर्ता गर्न ल्याउने, वकपत्र गर्न आउने वा अदालतबाट कुनै सेवा सुविधा लिन आउने व्यक्तिको नाममा फैसलाअनुसार कुनै कैद, जरिवाना, सरकारी बिगो वा सरकारी क्षतिपूर्ति वा अदालती शुल्क बुझाउनु पर्ने लगत बाँकी रहे नरहेको सम्बन्धमा तहसिलदार वा निजले तोकेको तहसिल शाखाको कर्मचारीले जिल्ला अदालत नियमावली, २०७५ को नियम १११ बमोजिम लगत रुजु गरी भिडाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लगत भिडाउँदा त्यस्तो व्यक्तिको नाममा फैसला अनुसार लागेको कैद, जरिवाना, बिगो वा क्षतिपूर्ति वा अदालती शुल्क बुझाउन बाँकी लगत देखिए निजबाट त्यस्तो लगत तत्काल असूल उपर गर्नु पर्नेछ।

तर कैद बाहेक जरिवाना, बिगो वा क्षतिपूर्तिको लगत भएको व्यक्तिको हकमा त्यस्तो जरिवाना, बिगो वा क्षतिपूर्ति हुने गरी भएको फैसला अन्तिम भएपछि असूल उपर गरिनेछ।

४२. **निकासाको लागि इजलाससमक्ष पेश गर्नु पर्ने:** (१) केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) को खण्ड (ग) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम अपराध संहितामा लेखिएको हदसम्मको मात्र सजाय कार्यान्वयन गरी पाउन सम्बन्धित व्यक्तिको निवेदन परेमा वा त्यस्तो सजायको कार्यान्वयन गर्नु परेमा तहसिलदारले निकासाको लागि इजलाससमक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश भएकोमा इजलासबाट भएको आदेशबमोजिमको सजाय तहसिलदारले कार्यान्वयन गर्नु पर्नेछ।

अनुसूची – १

(दफा १२ को उपदफा (३) सँग सम्बन्धित)

## कैदी पूर्जीको ढाँचा

................................ अदालत

श्री कारागार कार्यालय --------------------,

------------------------------------------------------- ।

विषयः- **कैदी पूर्जी** ।

-------------को जाहेरीले/वादी-------------------------- विरुद्ध ---------------------------------------- भएको ------------ मुद्दामा ---------------- अदालतको मिति ------------------- को फैसलाले ----------- वर्ष ----महिना --------- दिन कैद/ रु --------------- जरिवाना हुने / रु -------- क्षतिपूर्ति/ रु ---------- बिगो भराइ दिने ठहरी यस अदालतमा लगत कसिएकोमा आदेशानुसार थुनामा रहेका/निवेदनसाथ हाजिर हुन आएका/--------- प्रहरी कार्यालयको च.नं. ------- को पत्रसाथ उपस्थित गराइएका देहायका प्रतिवादीलाई कारागारमा राखी सजाय कार्यान्वयन गर्न यो कैदी पूर्जी जारी गरिएको छ ।

निज प्रतिवादी मिति ---------- देखि हिरासत/ मिति -------- देखि थुनमा रहेको हुँदा सो हिरासत/थुनामा रहेको अवधी --------- बर्ष --------- महिना ---------- दिन निजलाई लागेको कैद/ जरीवानामा कट्टा गरी /जरीवाना/क्षतिपूर्ति/बिगो बापत कैद हुने अवधी ------- बर्ष --------- महिना ---------- दिन निजबाट कैद असुल गर्नु पर्ने भएकोले मिति ------------------ सम्म निज प्रतिवादीलाई नियमानुसार निजले पाउने सिधा खर्च र अन्य सुविधा उपलब्ध गराई कैदमा राखी मिति ---------------- मा कैदबाट मुक्त गरी सोको जानकारी दिनु हुन अनुरोध छ ।

साथै निज प्रतिवादी प्यारोल/सामाजिकीकरणसम्बन्धी कार्यक्रममा छुट्ने भएमा वा निजको सजाय माफी मिनाहा भएमा सोको जानकारी अविलम्ब यस अदालतमा गराउनु हुन अनुरोध छ ।

### कैद ठेकिएको व्यक्तिको विवरण

**कैद ठेकिएको व्यक्तिको नामः**

**फैसला मितिः**

**ठहरेको कैदः**

**थुनामा परेको मितिः**

**कैदबापत कारागारमा राख्नु पर्ने अवधिः**

**जरीवाना/क्षतिपूर्ति/बिगोबापत कैद हुने अवधिः**

**कैदमुक्त गर्नु पर्ने मितिः**

**बोधार्थः**

श्री -------------------------------- तपाईँलाई -------- अदालतको मिति -------------- को फैसलाले लागेको कैद/जरिवाना/बिगो/क्षतिपूर्तिबापत यो कैदी पूर्जी जारी गरिएको बेहोरा जानकारीको अनुरोध छ ।

(फैसला बमोजिम भएको सजायको आधारमा कैदी पूर्जीको ढाँचामा आवश्यक हेरफेर र संशोधन गर्न सकिनेछ।)

## अनुसूची-२

(दफा १८ को उपदफा (२) सँग सम्बन्धित)

**<u>राम्रो आचरण पालना गर्ने गरी गराउनु पर्ने कागजको ढाँचा</u>**

................................... अदालत ।

**<u>राम्रो आचरण पालना गर्ने कागज</u>**

-------------को जाहेरीले/वादी-------------------------- विरुद्ध ----------------------------------------- भएको ------------ मुद्दामा ---------------- अदालतको मिति ------------------- को फैसलाले --------- म ----------------------------------------- लाई ---------- वर्ष --------------------- महिना -------- ----- दिन कैद हुने ठहरी फैसला भएकोमा म अब राम्रो आचरण पालना गर्नेछु । कुनै प्रकारको कसूर गर्ने छैन । कुनै कसूर गरे वा राम्रो आचरण नगरेमा मलाई उल्लिखित फैसलाबमोजिमको कैद सजाय भुक्तान गर्न मञ्जुर छु भनी कैद ---------- वर्ष --------------------- महिना ------------- दिनबापत प्रतिदिन रु ३००।- का दरले हुने रकम रु ------------------- यसैसाथ संलग्न गरी यो कागज गरी दिएको छु ।

**<u>कागज गर्नेको</u>**

दस्तखतः

कागज गर्नेको नामः

ठेगानाः

रकम जम्मा गरेको रसिद नम्बरः

मिति

अनुसूची-३

(दफा २७ को उपदफा (२) सँग सम्बन्धित)

**<u>फैसलाबमोजिम बिगो वा क्षतिपूर्ति भराइ पाउन दिने निवेदनको ढाँचा</u>**

<u>--------------------- अदालतमा पेश गरेको निवेदन</u>

मुद्दा ..........................................

........सालको नम्बर........

........................................................................................ निवेदक /वादी

<u>विरुद्ध</u>

........................................................................................ विपक्षी /प्रतिवादी

विषयः <u>फैसलाबमोजिम बिगो/क्षतिपूर्ति भराइ पाऊँ ।</u>

१. ---------------------- को जाहेरीले/वादी --------------------------- प्रतिवादी भएको------------------- मुद्दामा ------------------ अदालतको मिति -----------------को अन्तिम फैसलाले प्रतिवादी ------------------------- बाट रु ------------------- बिगो/क्षतिपूर्ति भराई दिने गरी फैसला भएको र फैसला बमोजिम निजले सो बिगो/क्षतिपूर्तिबापतको रकम नबुझाएको हुँदा तथा यस प्रयोजनको लागि निजको कुनै सम्पत्ति रोक्का नरहेको हुँदा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७५ को दफा १६५ को उपदफा (३) बमोजिम देहायको सम्पत्ति खुलाई यो निवेदन गरेको छु । सो सम्पत्ति रोक्का राखी फैसला बमोजिमको बिगो/क्षतिपूर्ति भराइ पाऊँ ।

**<u>सम्पत्तिको विवरण</u>**

(क) ..................................................................................................

(ख) ..................................................................................................

(ग) ..................................................................................................

(घ) ..................................................................................................

२. यसमा लेखिएको बेहोरा ठीक साँचो छ, झुठ्ठा ठहरे कानूनबमोजिम सहुँला बुझाउँला ।

निवेदक,

.........................

इति संवत्.........साल महिना ............... गते ..................... रोज ......... शुभम्।

अनुसूची-४

(दफा ३८ को उपदफा (३) सँग सम्बन्धित)

**<u>जमानत दिने व्यक्तिको नाममा जारी हुने पैंतालीस दिने सूचनाको ढाँचा</u>**

................ को छोरा/ छोरी/........... पति /पत्नि ............ जिल्ला ... ...गा. पा. /न. पा. बडा नं ......बस्ने बर्ष ... ...का नाममा ... ...जिल्ला अदालतबाट जारी भएको पैंतालीस दिने सूचना

---------------------------------------------------------------------

...............वादी र... ... प्रतिवादी भएको ... ... मुद्दामा ... ...अदालतको मिति ... ... को आदेशबमोजिम तपाइँले वादी/प्रतिवादी .............. को तर्फबाट जमानत दिएकोमा ......... अदालतको मिति ............ को अन्तिम फैसलाबमोजिम निज ......... लाई लागेको जरिवाना/बिगो/क्षतिपूर्ति/अन्य रकम रु. .............. नबुझाएकोले यो सूचना जारी गरी पठाइएको छ । यो सूचना तपाइँले पाए वा तपाइँको घर दैलोमा टाँस भएको मितिले बाटाको म्यादबाहेक पैंतालीस दिनभित्र तपाइँले जमानत दिएको हदसम्मको रकम रु. .............. बुझाउन ल्याउनु होला । नबुझाई म्याद गुजारी बसेमा तपाइँले जमानतबापत दिएको देहायको सम्पत्ति लिलाम गरी जमानत दिएको हदसम्मको फैसलाबमोजिमको जरिवाना/बिगो/क्षतिपूर्ति/अन्य रकम रु. .............. असूल उपर गरिने /भराइ दिने बेहोरा जानकारी गराइन्छ।

जमानतबापत दिएको सम्पत्तिको विवरण

(क) ..............

(ख)...............

(ग) ...............

अधिकृत

इति संवत् २० ...साल ...महिना रोज ... शुभम् ।